# प्रदेश सभा
# सार्वजनिक लेखा समिति
# बागमती प्रदेश
# हेटौडा, मकवानपुर, नेपाल

---

## बैठक-५४

मितिः २०७८/०२/०६ गते बिहान ११:०० बजे

निर्णयहरुः

१. समितिको आजको यस बैठकमा यस समितिका सदस्य माननीय पशुपति चौलागाईको अकल्पनीय निधन प्रति देहाय बमोजिम शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो।

## शोक प्रस्ताव

बागमती प्रदेश सभा सदस्य एवं यस समितिका सदस्य माननीय पशुपति चौलागाईको कोरोना भाइरस संक्रमणका कारण मिति २०७८ साल बैशाख २८ गते मगलबारका दिन भएको अकल्पनिय एवं असामयिक निधनले समिति अत्यन्त मर्माहित एवं स्तब्ध भएको छ।यस दुःखद घडीमा माननीय पशुपति चौलागाई प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा सार्वजनिक लेखा समिति गहिरो समवेदना व्यक्त गर्दछ।

नेपालको राजनीतिक तथा सामाजिक परिवर्तनमा उहाँले गर्नु भएको योगदानको उच्च सम्मान गर्दै प्रदेश सभाको स्थापना कालदेखि नै यस समितमा क्रियाशील रही आफ्नो अमूल्य सल्लाह, सुझाव र विचारमार्फत् समितिलाई सक्षम बनाउन उहाँले खेल्नु भएको भूमिका अविस्मरणीय रहनेछ।एक बौद्धिक, प्रभावशाली र असल नेताको निधनले बागमती प्रदेश सभा, सार्वजनिक लेखा सिमित तथा देशलाई अपुरणीय क्षति भएको छ।अन्त्यमा, सार्वजनिक लेखा समित पुनः माननीय पशुपति चौलागाई प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछ।